माई नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड : ६** **संख्या : १३** **प्रमाणित मिति : २०८० असार १२**

## भाग २

## माई नगरपालिकाको स्थानीय रोजगार रणनीति, २०८०

**माई नगरपालिका, इलाम**

कार्यपालिकामा पेश मिति: २०८०/०३/०९
कार्यपालिकाबाट स्वीकृत मिति: २०८०/०३/०९
प्रमाणित मिति: २०८०/०३/१२

# माई नगरपालिका, इलाम

# स्थानीय रोजगार रणनीति

## कार्यकारी सारांश

### खण्ड १. रणनैतिक सन्दर्भ

**१. पृष्ठभूमि**

नेपालको संविधान २०७२ को धारा ३३ मा प्रत्येक नेपालीलाई रोजगारीको हक हुनेछ भनी रोजगारीको हकको ग्यारेन्टी गरिएको छ भने धारा ३४ मा प्रत्येक नागरिकलाई उचित श्रम अभ्यासको हक हुनेछ भनी श्रम अभ्यासमा नागरिकहरुलाई उत्प्रेरित गरिएको छ । संविधानका विभिन्न धाराहरुमा श्रमिकहरुको हक श्रमको छनोट सामाजिक न्याय समावेशिता र उद्यशिलता अनुशासित र मर्यादित र सुरक्षित श्रम अधिकारमा आधारित रोजगारीको प्रवन्धआदिको व्यवस्था गरेको छ ।संविधानकै धारा ५१ (ग) र (घ) मा राज्यका नीति अन्तर्गत सम्नत आर्थिक विकास सम्वन्धी विभिन्न नीतिहरुको प्रवन्ध गरेको छ । संविधानको धारा १७ मा श्रम प्रतिको अवहेलना गर्न नहुने धारा १९ मा श्रम प्रतिको अवहेलना जातीय छुवाछुत एवम् लैंगिक आधारमा भेदभाव हुने सञ्चार गर्न नहुने धारा ४२ ले सामाजिक न्यायको अधिकार हुने धारा ५० को उपधारा (२) ले सबै प्रकारका विभेद शोषण र अन्यायको अन्त्य श्रमको सम्मान उद्यमशिलता अनुशासन मर्यादा र सहिष्णुतामा आधारित सामाजिक साँस्कृतिक मूल्यहरुको विकास गर्ने आदि श्रम र रोजगार सम्वन्धी सन्दर्भहरु उल्लेख गरिएको छ ।सरकारले संविधानको व्यवस्थाको अलावा श्रम तथा रोजगारीलाई व्यवस्थित गर्नको लागि विभिन्न नीतिगत व्यवस्था समेत गरेको छ ।

नेपाल सरकारले श्रम तथा रोजगारीकालाई व्यवस्थित वनाउन ट्रेड युनियन ऐन २०४९ वैदेशिक रोजगार ऐन २०६४ श्रम ऐन २०७४ योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७४ रोजगारी हक सम्वन्धी ऐन २०७५ जारी गरी कार्यान्वयनमा आएका छन् । गरीवि न्यूनीकरणसँग श्रम र रोजगारको बिषय अन्तरसम्वन्धित भएर आउँछ। सङ्घीय सरकारवाट जे जति श्रम र रोजगारसँग सम्वन्धित नीतिहरु निर्माण गरेकोछ ती नीतिहरु स्थानीयकरण नभए सम्म स्थानीय श्रम तथा रोजगार प्रवर्धनमा टेवा पुग्न सक्दैन ।

**२. रोजगार रणनीतिको आवश्यकता/औचित्य**

नेपालमा स्थानीय तहमा श्रम व्यवस्थापन तथा रोजगार नीति तथा रणनीतिहरु प्रभावकारी नवन्दा र रोजगारलाई स्थानीयकरण गर्न नसक्दा हजारौ युवाहरु वैदेशिक रोजगारीमा पलायन भएका छन् भने दुर्गम क्षेत्रवाट शहरी क्षेत्रमा वसाई सरी जानेको संख्या वढ्दैछ । ग्रमिण क्षेत्रमा वस्नेहरु समेत रोजगारीको अभावमा दैनिक जीवनयापनमा कठिनाई भइरहेको छ । वैदेशिक रोजगारीले मुलुकको अर्थतन्त्रको करिव २६ प्रतिशत योगदान त गरेको छ तर स्थानीय स्तरमा युवा पूँजी परिचालन नगर्नाले दिगो रोजगारी प्रवधर्न र स्थानीय पूँजीमा भने नकारात्मक असर पुगिरहेको छ ।जसले गर्दा स्थानीय तहको आन्तरिक पूँजी निर्माण हुन सकेको छैन भने अर्को तिर गरीबी समेत घट्न सकेको छैन।स्थानीय स्तरमा श्रमको सम्मान र दीगो रोजगारी प्रवर्धन हुन नसक्दा सामाजिक प्रतिष्ठाकै लागि भए पनि मानिसहरु वैदेशिक रोजगारीको बाटो अवलम्वन गर्न वाध्य छन् ।यसको अलावा युवाहरुलाई उपयुक्त रोजगारीमा

संलग्न गराउन नसक्दा स्थानीय जनसाँख्यिक लाभ समेत प्राप्त गर्न नसकेको हुनाले पनि नगरको आन्तरिक पूँजी निर्माणमा कठिनाई भइरहेको छ।

श्रम बाहिर रहेका व्यक्तिहरुलाई रोजगारीका अवसरहरु सिर्जना गरी रोजगारी प्रदान गर्नु मुख्य भए तापनि स्थानीय तहले उपलब्ध गराएको रोजगारीमा उक्त व्यक्ति संलग्न हुन्छ कि हुन्न भन्ने शंका नै रहन्छ। श्रम शक्ति बाहिरको व्यक्ति रोजगारीमा संलग्न नहुने कारण उसमा भएको वित्तीय साक्षरतामा कमी भएकोले हो। यस माई नगरपालिकाको गरीबी न्यूनीकरण तथा नागरिकको सहज जीपन यापनका लागि स्थानीय व्यक्तिहरुलाई रोजगारीमा प्रवर्धन गर्नु त पहिलो प्रथमिकता हो तर यतिले मात्र दीगो रोजगारी प्रवर्धन हुन सक्दैन। यसको लागि उनीहरुको फजुल खर्च नियन्त्रण गर्दै बचतको वानी परिवर्तन गराई उपयुक्त क्षेत्रमा पुनर्लगानी गरी दीगो रोजगारी प्रवर्धन गर्नु अर्को मुख्य चुनौती हो। यसका लागि वीत्तिय साक्षरताको चेतना निरन्तर प्रवाह गरिरहनु आवश्यक हुन्छ।

माई नगरपालिकामा हाल सम्म प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित आयोजना र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना गरी न्यूनतम रोजगारी प्रदान गर्न २ वटा आयोजना कार्यान्वयनमा छन्। यसका अलावा रोजगार तथा उद्यशिलताको प्रवर्धन गर्नको लागि शसर्त कार्यक्रम अन्तर्गत कृषी तथा पशुपालन, महिलाहरुको क्षमता तथा सिप विकास कार्यक्रमहरु र गरीवि निवारणका लागि लघु उद्य विकास कार्यक्रमहरु समेत वार्षिक योजनामा समाविष्ट छन्। यसका अलावा आन्तरिक श्रोत परिचालनका साथ आन्तरीक रोजगार तथा दीगो रोजगारीका लागि उल्लेख्य क्रियाशिलता कमी नै छ।

## ३. अध्ययन पद्धति

यो रणनीति तर्जुमा गर्दा दुई किसिमको प्रश्नावली तयार गरी प्राथमिक र द्धीतिय सूचना सकलन गरी अध्ययन गरिएको थियो। यसका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले तय गरेको रोजगार रणनीति निर्माण सम्वन्धी मार्गदर्शन, २०८० अनुसूची २ अनुसार रोजगारदातासँग सम्बन्धित र अनुसूची ३ अनुसार स्थानीय सरोकारवालासँग सामाजिक आर्थिक एवं आगामी रणनीतिका लागि स्थानीय श्रोत साधन अवसर चुनौती तथा रोजगारका सम्भावना सम्वन्धी प्रश्नावली संकलन गरिएको थियो। यसका अलावा आर्थिक गणना, २०७९।०८० बाट स्थानीय अवसरको तथ्यांक, आप्रवासन प्रतिवेदनबाट वैदेशिक रोजगारीको अवस्थाको बारेमा द्वितीय तथ्यांक अध्यन गरिएको थियो। बेरोजगार सूचना प्रणालीबाट आ व २०७९/०८० र २०८०/०८१ का लागि सूचीकृत बेरोजगारहरुको तथ्यांक विश्लेषण गरिएको थियो। रणनीतिक योजना तयारीका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जारी गरी पञ्च बर्षिय रणनैतिक योजना, नेपालको पन्ध्रौ पञ्च बर्षिय योजना, दीगो विकास योजनाका सूचांकहरु, नगरपालिकाले तय गरेको आवधिक योजना र नीति निर्देशिकाहरु अध्ययन गरिएको थियो।

## ४. क्षेत्र

यस रणनीतिक योजना निर्माणको अध्ययनका क्षेत्रहरु देहाय वमोजिम छनः

- यस रणनीति लागू हुने भौगोलिक क्षेत्र माई नगरपालिका मात्र भएको हुनाले सो भौगोलिक क्षेत्र भित्रको स्थिति अध्ययन गरिएको छ।
- यसको लागि बिषय क्षेत्र विशेषतः स्थानीय रोजगारीको अवश्था, श्रोत, साधन र अवसर, वैदेशिक रोजगारीको अवस्था, स्थानीय रोजगारीको नीतिगत व्यवस्था समेत अध्ययनका क्षेत्रहरु हुन्।
- यो रणनीति भित्र समाविष्ट हुने क्रियाकलापहरु कार्यन्वयनको समय सीमा पाँच वर्षको भएको हुनाले सो अवधीमा गर्न सकिने क्रियाकलाप तय गरिएको छ।

## ५. सीमा

यस रणनीतिक योजना निर्माणको अध्ययनको सीमा विशेषतः स्थानीय रोजगारीको अवस्था, श्रोत, साधन र अवसर, वैदेशिक रोजगारीको अवस्था, स्थानीय रोजगारीको नीतिगत व्यवस्था समेत अध्ययनका सीमाहरु हुन्।

## खण्ड २. वर्तमान अवस्थाको विश्लेषण

यस नगरपालिकाको आवधिक योजना लगायत बार्षिक योजनाहरुमा समेत रोजगारी प्रबर्द्धन सम्बन्धी नीतिहरु तय गरिएकोछ । माई नगरपालिको श्रोत व्यवस्थापन तथा परिचालन कार्यविधी २०७४ को बुँदा नं १० मा स्थानीय समूहको शसक्तिकरण, गरिबि न्यूनीकरणमा टेवा पुर्याउने किसिमका रोजगारीमूलक क्रियाकलापहरु सञ्चालन गर्ने भनी उल्लेख गरिएको छ । यो स्थानीय रोजगार रणनीति तय गर्दा माई नगरपालिकाको कृषि व्यवसाय प्रबर्द्धन ऐन, २०७४ लाई समेत सम्बोधन गरिएको छ ।

यस नगरपालिकाको नीतिगत व्यवस्थाको अध्ययन स्थानीय रोजगार रणनीति निर्माण सम्बन्धी मार्गदर्शन, २०८० को अनुसूची २ र ३ अन्तर्गतका संकलित तथ्यांक अध्ययन गर्दा स्थानीय रोजगार प्रबर्द्धनको सन्दर्भमा देहायको अवस्था देखिएको छः

- नगरपालिकामा १३८० घरधुरीका १४५० जना बेरोजगार व्यक्तिहरु आ. ब. २०८०।०८१ का लागि रोजगार सेवा केन्द्रमा सूचीकृत भएका छन्।
- यस क्षेत्रमा प्रवर्द्धन गर्न सकिने धैरै सम्भावनाका नगदे बालीको रुपमा सुपारी, केरा, लिची आदि रहेका छन्।
- यस क्षेत्रमा नगर केन्द्र धैरै क्षेत्रवाट दानाबारी हुदै अन्य गन्तव्यमा निकट भविष्यमै यातायात पूर्वाधार बन्दै गरेको हुनाले व्यापारिक, व्यवसायिक तथा पर्यटन क्षेत्रको हर्ब बन्न सक्ने सम्भावना छ । यस क्षेत्रमा पर्यटनको ठूलो सम्भावना भए तापनि त्यसको लागि ठूलो लगानी आवश्यकता पर्ने देखिन्छ ।
- यो नगारपालिकाको भोगोलिक क्षेत्र चुरे र तराईको समेत केही भुभाग भएको हुनाले जैविक तथा वातावरणीय विविधता छ । यस किसिमको विविधताको कारण रोजगारी तथा स्वरोजगारी व्यवस्थापनमा समेत विविधता कायम गर्नु आवस्यक देखिन्छ ।
- यस क्षेत्रमा रोजगार प्रदान गर्ने ठुला कलकारखाना तथा उद्योग धन्दा नभएको कारण औद्योगिक क्षेत्रमा रोजगारीको अवसर न्यून रहेको छ ।
- यो क्षेत्र चुरे क्षेत्र समेत भएको कारण स्थानीय बासिन्दाहरुको स्वरोजगार मार्फत जीविकोपार्जन सुधारका क्रियाकलापहरु पहिलो प्राथमिकतामा राख्नु पर्ने देखिएको छ ।
- नगरको एकीकृत रोजगारी प्रवर्द्धन कम प्राथमिकतामा पर्नको साथै लक्षित समुदायहरुमा औपचारिक रोजगार मात्र रोजगारी हो भन्ने बुझाई कायम रहेको छ ।

## खण्ड ३. रणनैतिक सवालहरु

यस नगरपालिकामा एकिकृत रोजगारी प्रवर्धन तथा दीगो रोजगारी प्रवर्धनको चर्चा गर्दा केही मुख्य सवालहरु छलफलको लागि उपयुक्त हुन सक्छ ।

पहिलोः रोजगारीका लागि सिप तथा क्षमता विकास

दोश्रोः स्थानीय स्तरमा रोजगारीको अवसर

तेश्रोः एकिकृत रोजगारी प्रवर्धन र दीगो रोजगारी प्रवर्धन

चौथोः दीगो रोजगारी प्रवर्धनका लागि वित्तीय साक्षरता तथा चेतना अभिवृद्धि

पाँचौः समावेशिता र यसका अन्तरसम्वन्ध

छैठौः रोजगारी प्रवर्धनः तीन तहका सरकारको दायित्व

## खण्ड ४. दुरदृष्टी ध्येय र उद्देश्य

**दुरदृष्टी**

स्थानीय सिप र श्रमको प्रवर्द्धनः माई समृद्धीको शान

**ध्येय**

रोजगारका हरेक अवसरहरुमा स्थानीय सिप र क्षमता अभिवृद्धीको माध्यावाट सम्मानजनक श्रमको उपयोग गरी दीगो पूँजी निर्माण गर्ने ।

**उद्देश्य**

उद्देश्य नं १ नगरपालिका भित्रका स्थानीय श्रोत, साधन र अवसरको प्रयोग गरी सरकारी, नीजि तथा सार्वजनिक निर्माणको क्षेत्रहरुमा स्थानीय बेरोजगार व्यक्तिलाई आन्तरिक रोजगारी, दीगो रोजगारी र स्वरोजगारीका अवसरहरु सिर्जना गर्ने ।

उद्देश्य नं २ नगरपालिकामा श्रोतहरुलाई एकिकृत गरी गरीब र बेरोजगार केन्द्रित गरी तीनिहरुको सीप तथा क्षमता विकासको माध्यमवाट उत्पादकत्व वृद्धी गरी श्रमशक्तिको वजारीकरण गर्ने ।

उद्देश्य नं ३ उद्यशिलता विकास सँगै दीगो रोजगार र सामाजिक समावेशीकरण प्रवर्धन तथा लैगिक हिंसा न्यूनीकरणका लागि सचेतना अभिवृद्धी गर्ने ।

## खण्ड ५. रणनैतिक लक्ष्य

स्थानीय श्रोत र साधनको एकिकृत प्रयोग गरी दीगो रोजगारीका अवसरहरुको माध्यमवाट समुदायको आर्थिक तथा सामाजिक शसक्तिकरण गर्ने ।

## खण्ड ६. रणनैतिक स्तम्भ/प्रमुख रणनीतिहरु

**प्रमुख स्तम्भहरु**

स्तम्भ नं १: आन्तरिक रोजगारी प्रवर्धन

स्तम्भ नं २: व्यवसायिक सिप, क्षमता र दक्षता अभिवृद्धी र बजारीकरण

स्तम्भ नं ३: दीगो रोजगारीका लागि सामाजिक शसक्तिकरण

स्थानीय स्तरमा दिगो रोजगारी प्रवर्द्धन मार्फत आर्थिक तथा सामाजिक शसक्तीकरण गर्नको लागि देहायका रणनीति तथा कार्यनीतिहरु अवलम्वन गरिनेछः

| रणनीति | कार्यनीति |
|---|---|
| **स्तम्भ नं १: अन्तरिक रोजगारी प्रवर्धन** | |
| १.१ आन्तरिक रोजगारीको प्रवर्धन गर्ने। | • रोजगार सम्बद्ध तथ्यांकलाई एकिकृत गरिनेछ।<br>• सरकारी नीजि र सार्वजनीक क्षेत्रमा रोजगारीका लागि समन्वय गरिनेछ।<br>• नगरपालिका भित्रका विषयगत क्षेत्रहरुमा रोजगारीका अवसर र सेवाको विश्लेषाण गरिनेछ।<br>• श्रम र रोजगारीलाई उत्प्रेरणात्मक प्रोत्साहन प्रदान गरिनेछ।<br>• स्वरोजगार तथा उद्यशिलता प्रवर्धनका क्षेत्रहरुमा लागत साझेदारी गरिनेछ। |
| १.२ उत्पादनशील तथा दीगो रोजगारीको क्षेत्र विस्तार गर्ने। | • स्थानीय श्रोतलाई व्यवशायीकरण गरी स्वोजगार प्रवर्धन गरिनेछ।<br>• स्थानीय श्रोतवाट उत्पादित वस्तुहरुको गुणस्तरीयता पूरा गरी वजारीकरणमा सहयोग गरिनेछ। |
| बेरोजगारहरुका लागि न्यूनतम रोजगारीको प्रत्याभूती दिलाउने | • आंशिक रोजगारीका क्षेत्रहरु पहिचान गरी न्यूनतम रोजगारीका लागि श्रमिक परिचालन गरिनेछ। |
| **स्तम्भ नं २: व्यवसायिक सिप, क्षमता र दक्षता अभिवृद्धी र वजारीकरण** | |
| २.१ श्रमको उत्पादकत्व वृद्धि गर्ने। | • सिप विकास सम्वद्ध सेवा प्रदायक संस्था तथा दातृ निकायहरुको समन्वय र सहकर्यमा सिप तथा क्षमता अभिवृद्धी गरिनेछ।<br>• उद्यशीलता प्रवर्द्धनका लागि मेड मोडेलको अवलम्वन गर्ने। |
| २.२ सिपालु जनशक्तिको वजारीकरण गर्ने। | • परम्परागत सिपलाई कानूनी वैधताको लागि सहयोग गरिनेछ।<br>• सिपालु कामदारहरुलाई वाह्य बजारमा श्रम बजारमा बजारीकरण गरिनेछ। |
| २.३ वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुलाई भर पर्दो वनाउन आन्तरिक व्यवस्थापन गर्ने | • वैदेशिक रोजगारी जाने व्यक्तिहरु, रोजगारीको माग र आपूर्तीको व्यवस्था तय गरिनेछ।<br>• बैदेशिक रोजगारका लागि जान चाहने व्यक्तिहरुका लागि सिप र दक्षता अभिवृद्धी गरी सहज गन्तव्यको लागि सहजीकरण गरिनेछ। |
| **स्तम्भ नं ३: दीगो रोजगारीका लागि सामाजिक शसक्तिकरण** | |

| | |
|---|---|
| ३.१ दीगो रोजगारीका लागि सामाजिक सचेतना प्रदान गर्ने। | • रोजगारमा संलग्न व्यक्तिहरुलाई वीत्तिय साक्षरता मार्फत आम्दानी, खर्च, लगानी र पुनर्लगानीलाई प्रभावकारी वनाइनेछ।<br>• रोजगारीमा संलग्न व्यक्तिहरुको पारिवारिक हिंसा रहित समाज निर्माणको लागि सहयोग गरिनेछ। |

माथि उल्लेखित स्तम्भ सम्बन्धी रणनीति, कार्यनीतिहरुका क्रियाकलापहरु समाविष्ट गरी ५ बर्षे रणनीति तय गरिएको छ।

## खण्ड ७. (क) पाँच वर्षको रणनैतिक कार्ययोजना

| क्र सं | क्रियाकलाप | जिम्मेवार निकाय वा शाखा | सहयोगी निकाय | समयावधी | प्रमाण अभिलेख | बजेट | जोखिम |
|---|---|---|---|---|---|---|---|
| कार्यनीति १.१: रोजगार सम्बद्ध तथ्यांकलाई एकिकृत गरिनेछ। | | | | | | | |
| १ | बेरोजगारको तथ्यांक अद्यावधिक | रोजगार सेवा केन्द्र | वडा कार्यालय | प्रत्येक वर्ष | E-MIS | नन् बजेट | |
| २ | व्यवसाय तथा उद्यमीहरुको तथ्यांक संकलन र अद्यावधिक | रोजगार सेवा केन्द्र | वडा कार्यालय | प्रत्येक वर्ष | E-MIS | नन् बजेट | |
| ३ | वैदेशिक रोजगारमा गएका र फर्किएका व्यक्तिहरुको तथ्याक अद्यावधिक | रोजगार सेवा केन्द्र | वडा कार्यालय | प्रत्येक वर्ष | रोजगार सेवा केन्द्रको अभिलेख | नन् बजेट | |
| ४ | रोजगारदाताहरुको तथ्यांक अद्यावधिक | रोजगार सेवा केन्द्र | वडा कार्यालय | प्रत्येक वर्ष | E-MIS | नन् बजेट | |
| ५ | परम्परागत सिपालु कामदारहरुको तथ्यांक संकलन | रोजगार सेवा केन्द्र | वडा कार्यालय | २०८०।०८१ | E-MIS | नन् बजेट | |
| ६ | वाँझो जमिनको पहिचान र अभिलेखिकरण | रोजगार सेवा केन्द्र | कृषी वि शाखा | २०८०।०८१ | अभिलेख | नन् बजेट | |
| | | | | | | | |
| कार्यनीति २: सरकारी, नीजि र सार्वजनीक क्षेत्रमा रोजगारीका लागि समन्वय गरिनेछ। | | | | | | | |
| १ | रोजगार सम्वाद मञ्च गठन र छलफल | रोजगार सेवा केन्द्र | | २०८०।०८१ | माइन्यूट | | |
| २ | सरोकारदाता र निर्माण व्यवसायीहरुसँग छलफल | रोजगार सेवा केन्द्र | कार्यपालिका | निरन्तर | माइन्यूट | नन् बजेट | |
| ३ | नीजि तथा सार्वजनीक क्षेत्रहरुमा रोजगारीका | रोजगार सेवा केन्द्र | | आवधिक | सम्झौता पत्र | नन् बजेट | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | लागि श्रमिक सम्झौता | | | | | | |
| ४ | रोजगारदाताहरुसँग नियमित भेटघाट | रोजगार सेवा केन्द्र | | निरन्तर | | नन् बजेट | |
| ५ | अन्तर तह, अन्तर निकायसँग रोजगारी प्रवर्धनका लागि श्रोत र सहकार्यका लागि निरन्तर समन्वय | रोजगार सेवा केन्द्र | कार्यपालिका | निरन्तर | माइन्यूट | | |
| कार्यनीति ३: नगरपालिका भित्रका विषयगत क्षेत्रहरुमा रोजगारीका अवसर र सिर्जनामा आवद्ध गरिनेछ। | | | | | | | |
| १ | बिषयगत क्षेत्रहरुको अर्धबार्षिक योजना तथा समिक्षा बैठक | रोजगार सेवा केन्द्र | प्रशासन शाखा | निरन्तर | माइन्यूट | | |
| २ | आर्थिक विकास शाखा, उद्यम विकास शाखा र रोजगारमूलक क्रियाकलापहरुलाई उत्पादनशिल रोजगारीमा आवद्ध | रोजगार सेवा केन्द्र | आर्थिक विकास शाखा | प्रत्येक वर्ष | प्रगती प्रतिवेदन | | |
| ३ | स्थानीय रोजगार रणनीति कार्यन्वयन निर्देशक समितिको त्रैमासिक बैठक | रोजगार सेवा केन्द्र | | निरन्तर | माइन्यूट | | |
| ४ | रोजगारमूलक योजना कार्यान्वयनका लागि अनौपचारिक छलफल | रोजगार सेवा केन्द्र | | निरन्तर | | | |
| कार्यनीति ४: श्रम र रोजगारीका क्षेत्रहरुमा उत्प्रेरणात्मक प्रोत्साहन प्रदान गरिनेछ। | | | | | | | |
| | कामका लागि पारिश्रमीकमा आधारीत आयोजना सञ्चालन | रोजगार सेवा केन्द्र | पूर्वाधार शाखा | प्रत्येक वर्ष | E-MIS | | |
| | स्थानीय उत्पादित वस्तुहरुको प्रदर्शनी | उद्यम विकास शाखा | रो से केन्द्र | प्रत्येक वर्ष | फोटो, प्रतिवेदन | | |
| | रोजगारी मेलाको आयोजना | उद्यम विकास शाखा | रो से केन्द्र | प्रत्येक वर्ष | फोटो, प्रतिवेदन | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | स्थानीय उत्पादित वस्तुहरुको प्रतिस्पर्धा, पुरस्कार र प्रोत्साहन | उद्यम विकास शाखा | रो से केन्द्र | प्रत्येक वर्ष | फोटो, प्रतिवेदन | | |
| | स्थानीय स्तरमा उत्पादित वस्तुहरुको स्थायी स्टलेशनको व्यवस्था | नगर कार्यपालिका | रो से केन्द्र | प्रत्येक वर्ष | फोटो, प्रतिवेदन | | |
| कार्यनीति ५: स्वरोजागर तथा उद्यशिलता प्रवर्धनसँग सम्वन्धित क्षेत्रहरुमा लागत साझेदारी गरिनेछ। | | | | | | | |
| | उद्यमीहरुसँग ५० प्रतिशत लागत साझेदारीमा अनुदान | विषयगत शाखा | रो से केन्द्र | प्रत्येक वर्ष | सम्झौता पत्र, प्रतिवेदन | | |
| कार्यनीति ६: आंशिक रोजगारीका क्षेत्रहरु पहिचान गरी न्यूनतम रोजगारीका लागि श्रमिक परिचालन गरिनेछ। | | | | | | | |
| | स्थानीय स्तरमा आंशिक रोजगारीका क्षेत्रहरु पहिचान | रोजगार सेवा केन्द्र | | २०८०।०८१ | अभिलेख, तथ्यांक | नन् बजेट | |
| | न्यूनतम रोजगारका लागि बेरोजगार श्रमिकहरु परिचालन | रोजगार सेवा केन्द्र | | प्रत्येक वर्ष | E-MIS | | |
| स्थानीय श्रोतलाई व्यववशायीकरण गरी स्वोजगार प्रवर्धन गर्ने। | | | | | | | |
| | वाँझो जमीनमा नगदे खेतीका लागि जनशक्ति व्यवस्था | कृषी विकास शाखा | रो से केन्द्र | प्रत्येक वर्ष | प्रतिवेदन | नन् बजेट | |
| | सुपारी खेती विस्तार | कृषी विकास शाखा | रो से केन्द्र | २०८०।०८१ र २०८१।०८२ | प्रतिवेदन | | |
| | केरा खेती विस्तार | कृषी विकास शाखा | रो से केन्द्र | २०८०।०८१ र २०८१।०८२ | प्रतिवेदन | | |
| | माहुरीपालन प्रवर्धन | कृषी विकास शाखा | रो से केन्द्र | २०८०।०८१ र २०८१।०८२ | प्रतिवेदन | | |
| | अर्गानिक तरकारी खेती विस्तार | कृषी विकास शाखा | रो से केन्द्र | २०८०।०८१ र २०८१।०८२ | प्रतिवेदन | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | वडामा रोजगारः गर्वको आधार कार्यक्रम सञ्चालन मार्फत अनुदान | | | | | | |
| सिप विकास सम्वद्ध सेवा प्रदायक संस्था तथा दातृ निकायहरुको समन्वय र सहकर्यमा सिप तथा क्षमता अभिवृद्धी गरिनेछ । | | | | | | | |
| | सिप प्राप्त गर्न इच्छुक व्यक्तिहरुको अवश्था र चाहना विश्लेषण | रोजगार सेवा केन्द्र/उद्यम विकास शाखा | | २०८०।०८१ | अभिलेख | नन् बजेट | |
| | सेवा प्रदायक संस्थाहरुसँग सिप विकास तालिमका लागि समन्वय | रोजगार सेवा केन्द्र/उद्यम विकास शाखा | मेड्पा | निरन्तर | उपस्थिती | नन् बजेट | |
| | इच्छुक उद्यमीहरुका लागि सिप विकास तालिम | रोजगार सेवा केन्द्र/उद्यम विकास शाखा | मेड्पा | निरन्तर | उपस्थिती | | |
| उद्यशिलता प्रवर्धनका लागि मेड मोडेलको अवलम्वन गर्ने । | | | | | | | |
| | उद्यमी बन्न चाहनेहरुका लागि रुची र अवश्था विष्लेशण | रोजगार सेवा केन्द्र/उद्यम विकास शाखा | मेड्पा | प्रत्येक वर्ष पहिलो चौमासिक | उपस्थिती, प्रतिवेदन | | |
| | उद्यशिलता सचेतना तथा विकास (TOPE, TOSE) तालिम | रोजगार सेवा केन्द्र/उद्यम विकास शाखा | मेड्पा | प्रत्येक वर्ष पहिलो चौमासिक | उपस्थिती, प्रतिवेदन | | |
| | विगतदेखि हाल सम्म सिप प्राप्त उद्यमीहरुको सिप अद्यावधिक तथा स्तरीकरण (TOEE, TOGE समेत) | रोजगार सेवा केन्द्र/उद्यम विकास शाखा | मेड्पा | प्रत्येक वर्ष दोश्रो चौमासिक | उपस्थिती, प्रतिवेदन | | |
| | उद्यमीहरुको व्यवसायिक योजना निर्माणमा सहयोग | रोजगार सेवा केन्द्र/उद्यम विकास | मेड्पा | प्रत्येक वर्ष पहिलो | उपस्थिती, प्रतिवेदन | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | शाखा | | चौमासिक | | | |
| | सिप प्राप्त व्यक्तिहरुलाई मागमा आधारीत प्रविधी तथा वीत्तिय सहयोग | रोजगार सेवा केन्द्र/उद्यम विकास शाखा | मेड्पा | प्रत्येक वर्ष तेश्रो चौमासिक | उपस्थिती, प्रतिवेदन | | |
| | स्थानीय उत्पादित बस्तुहरुको ब्राण्डिङ्, प्याकेजिङ् गरी बजारीकरणमा सहयोग | रोजगार सेवा केन्द्र/उद्यम विकास शाखा | मेड्पा | प्रत्येक वर्ष तेश्रो चौमासिक | उपस्थिती, प्रतिवेदन | | |
| परम्परागत सिपलाई कानूनी वैधता प्रदान गरी सिप प्रवर्धनका लागि सहयोग गरिनेछ । | | | | | | | |
| | परम्परागत सिपालु कामदारहरुलाई सिप एकिकृत गर्ने | रोजगार सेवा केन्द्र/उद्यम विकास शाखा | वडा कार्यालय | २०८०।०८१ | माइन्यूट | | |
| | परम्परागत सिपालु कामदार (जस्तैः डकर्मी, सिकर्मी, सिलाई कटाई गर्ने आदी) लाई सिप परिक्षणका लागि सहयोग | रोजगार सेवा केन्द्र/उद्यम विकास शाखा | वडा कार्यालय | निरन्तर | | | |
| | परम्परागत सिप (बाँसवाट: डोको, डालो, थुन्चे दाम्ला आदि, पातबाटः दुना टपरी आदी ) तयारी गर्ने व्यक्तिहरुलाई सिप स्तरीकरण र प्रोत्साहन सहयोग | रोजगार सेवा केन्द्र/उद्यम विकास शाखा | वडा कार्यालय | निरन्तर | | | |
| | परम्परागत सिप (बाँसवाट: डोको, डालो, थुन्चे दाम्ला आदि, पातबाटः दुना टपरी आदी ) वाट उत्पादित सामग्रीहरु बजारीकरण गर्न स्थायी स्टल निर्माण | रोजगार सेवा केन्द्र/उद्यम विकास शाखा | वडा कार्यालय | निरन्तर | | | |
| सिपालु कामदारहरुलाई वाह्य बजारमा श्रम बजारमा बजारीकरण गरिनेछ । | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | वैदेशिक रोजगारवाट फर्किएको सिपालु कामदारलाई सम्वन्धित सिपको प्रशिक्षक खटाउने | रोजगार सेवा केन्द्र | वडा कार्यालय | निरन्तर | माइन्यूट | | |
| | वैदेशिक रोजगारवाट फर्किएको सिपालु कामदारलाई सम्वन्धित सिप परिक्षणको लागि सहजीकरण | रोजगार सेवा केन्द्र | वडा कार्यालय | निरन्तर | माइन्यूट | | |
| | वैदेशिक रोजगारवाट फर्किएका व्यक्तिहरुलाई नगर बाहिर समेत बजार खोजीका लागि सहजीकरण | रोजगार सेवा केन्द्र | वडा कार्यालय | निरन्तर | माइन्यूट | | |
| वैदेशिक रोजगारी जाने व्यक्तिहरु, रोजगारीको माग र आपूर्तीको व्यवस्था तय गरिनेछ। | | | | | | | |
| | वैदेशिक रोजगारमा जान चाहने व्यक्तिहरुलाई रोजगारी सम्वन्धी सूचना सम्प्रेषण | रोजगार सेवा केन्द्र | वडा कार्यालय | निरन्तर | E-MIS | | |
| | श्रम अडिटको व्यवस्था | रोजगार सेवा केन्द्र | | वार्षिक | प्रतिवेदन | | |
| | | | | | | | |
| बैदेशिक रोजगारका लागि जान चाहने व्यक्तिहरुका लागि सिप र दक्षता अभिवृद्धी गरी सहज गन्तव्यको लागि सहजीकरण गरिनेछ। | | | | | | | |
| | वैदेशिक रोजगारमा जान चाहनेहरुका लागि श्रम स्वीकृती र पुनः श्रम स्वीकृतीका लागि सहजीकरण | रोजगार सेवा केन्द्र | | निरन्तर | | | |
| | वैदेशिक रोजगारमा जान चाहनेहरुका लागि सुरक्षित गन्तव्यका लागि अभिमूखीकरण | रोजगार सेवा केन्द्र | | निरन्तर | माइन्यूट | | |
| रोजगारमा संलग्न व्यक्तिहरुलाई वीत्तिय साक्षरता मार्फत आम्दानी, खर्च, लगानी र पुनर्लगानीलाई प्रभावकारी वनाइनेछ। | | | | | | | |
| | रोजगारमा संलग्न व्यक्ति तथा उद्यमीहरुलाई वीतिय साक्षरता कक्षा सञ्चालन | रोजगार सेवा केन्द्र/मेड्पा | बैंक | वार्षिक | उपस्थिती विवरण | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | अति विपन्न बेरोजगार व्यक्तिहरुको लागि दैनिक रुटिन तयारी र पृष्ठपोषण | रोजगार सेवा केन्द्र/मेड्पा | | निरन्तर | उपस्थिती विवरण | | |
| | वैदेशिक रोजगारवाट फर्किएका व्यक्तिहरुसँग अनुभव आदान प्रदान | रोजगार सेवा केन्द्र/मेड्पा | | निरन्तर | उपस्थिती विवरण | | |
| | घरधुरी तहमा गरीवि न्यूनीकरणका सम्वन्धी व्यवहार परिवर्तनका लागि परामर्श | रोजगार सेवा केन्द्र/मेड्पा | शिक्षा शाखा | वार्षिक | उपस्थिती विवरण | | |
| | रोजगार प्रवर्धन र यसका लागि स्थानीय श्रोतको उपयोग सम्वन्धी अभिमूखीकरण | रोजगार सेवा केन्द्र/मेड्पा | | | उपस्थिती विवरण | | |
| | सहकारी मार्फत आय आर्जनमा प्रेरित हुन अभिमूखीकरण | सहकारी शाखा | रोजगार सेवा केन्द्र | वार्षिक | उपस्थिती विवरण | | |
| ● रोजगारीमा संलग्न व्यक्तिहरुको घरेलु हिंसा रहित समाज निर्माणको लागि सहयोग गरिनेछ। | | | | | | | |
| | नयाँ रोजगार प्राप्त (विशेष गरी महिला) घरेलु हिंसा न्यूनीकरण सम्वन्धी परामर्श तथा सचेतना तालिम | रोजगार सेवा केन्द्र/ महिला विकास शाखा | | निरन्तर | उपस्थिती, प्रतिवेदन | | |
| | महिला रोजगारीमा संलग्न भएको परिवारमा कार्यवोझ न्यूनीकरण सम्वन्धी परामर्श/ अभिमूखीकरण | रोजगार सेवा केन्द्र/ महिला विकास शाखा | | निरन्तर | उपस्थिती, प्रतिवेदन | | |
| | पारिवारीक उत्थानशिलता सम्वन्धी तालिम र परामर्श | रोजगार सेवा केन्द्र | | निरन्तर | उपस्थिती, प्रतिवेदन | | |

## खण्ड ७. (ख)पाँच वर्षको लक्ष्य

| क्र | क्रियाकलाप | आर्थिक वर्ष |
|---|---|---|

| सं | | ०८०।८१ | ०८१।८२ | ०८२।८३ | ०८३।८४ | ०८४।८५ | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | बेरोजगारको तथ्यांक संकलन र अद्यावधिक | १४५० | १४०० | १३५० | १३०० | १२५० | |
| | सरोकारदाता र निर्माण व्यवसायीहरुसँग छलफल | २ | २ | ३ | ३ | ४ | |
| | नीजि तथा सार्वजनीक क्षेत्रहरुमा रोजगारीका लागि श्रमिक सम्झौता | २ | २ | ३ | ३ | ४ | |
| | बिषयगत क्षेत्रहरुको अर्धबार्षिक योजना तथा समिक्षा बैठक | २ | २ | २ | २ | २ | |
| | आर्थिक विकास शाखा, उद्यम विकास शाखा र रोजगारमूलक क्रियाकलापहरुलाई उत्पादनशिल रोजगारीमा आवद्ध | ८० | ८० | १२० | १२० | १३० | |
| | स्थानीय रोजगार रणनीति कार्यन्वयन निर्देशक समितिको त्रैमासिक बैठक | ४ | ४ | ४ | ४ | ४ | |
| | कामका लागि पारिश्रमीकमा आधारीत आयोजना सञ्चालन | १५ | १८ | २० | २५ | २५ | |
| | स्थानीय उत्पादन गरी प्रवर्धन गर्ने बस्तुको संख्या | २ | ३ | ३ | ४ | ५ | |
| | उद्यमीहरुसँग ५० प्रतिशत लागत साझेदारीमा अनुदान | ५० | ५० | ५० | ५० | ५० | |
| | आंशिक रोजगारीमा संलग्न हुनेको संख्या | २०० | २३० | २५० | २८० | ३०० | |
| | सुपारी खेती विस्तार | | | | | | |
| | केरा खेती विस्तार | | | | | | |
| | माहुरीपालन प्रवर्धन | | | | | | |
| | अर्गानिक तरकारी खेती विस्तार | | | | | | |
| | सिपमूलक तालिम प्राप्त गर्नेको संख्या | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | मेड मोडेलवाट प्रवर्धन भएका उद्यमीहरुको संख्या | ८० | ८० | १०० | १०० | १०० | |
| | परम्परागत सिपबाट स्थानीय सामग्री उत्पादन गर्न संलग्न हुनेको उद्यमी संख्या | १० | १२ | १५ | १८ | २० | |
| | परम्परागत सिपबाट स्थानीय सामग्री उत्पादन बजारीकरण/स्टल संख्या | २ | २ | ३ | ३ | ४ | |
| | वैदेशिक रोजगारवाट फर्किएको सिपालु कामदारले स्थानीय स्तरमा सिप प्रयोग गर्नेको संख्या | ४ | ६ | ८ | १० | १२ | |
| | श्रम स्वीकृती प्राप्त गरेर वैदेशिक रोजगारमा जानेको संख्या | ३५० | ३७५ | ३७५ | ३७५ | ३७५ | |
| | अति विपन्न बेरोजगार व्यक्तिहरुको जीवनमा तुलनात्मक परिवर्तन हुनेको घरधुरी संख्या | ५ | २० | २० | २० | ३० | |
| | घरधुरी तहमा गरीवि न्यूनीकरणका सम्वन्धी व्यवहार सुधार भएको परिवारको संख्या | ५ | २० | २० | २० | ३० | |
| | पारिवारीक उत्थानशिलता प्राप्त गर्ने घरधुरी संख्या | | ५ | ८ | १० | १५ | |

## खण्ड ८. श्रोत परिचालन र वजेट व्यवस्थापन

नगरपालिकाको रोजागर प्रवर्धन सम्वन्धी वार्षिक नीति, कार्यक्रम तर्जुमा गर्दा रणनीतिक योजनामा आधारीत भएर तर्जुमा गरिनेछ । रणनीतिक योजनाको कार्यान्वयन गर्दा नगरपालिकामा प्राप्त विभिन्न अनुदान, शसर्त वजेट, नगरपालिकाको आन्तरिक श्रोतको विश्लेषण गरी योजना तय गरिनेछ । यो रणनीतिको कार्यान्वयन तथा बजेट व्यवस्थापनको लागि सहकारी क्षेत्र, गैर सरकारी क्षेत्र, नीजि क्षेत्र, विकास साझेदार लगायतका निकायसँग समन्वय तथा सहकार्य गरिनेछ ।

## खण्ड ९. रणनीतिक योजनाको निर्देशक समिति अनुगमन र मूल्यांकन सम्बन्धी व्यवस्था

यो रणनीतिका क्रियाकलापहरु सहजीकरण, अनुगमन, मूल्याकन तथा पुनरावलोकन गर्नको लागि ११ सदस्यीय स्थानीय रणनीतिक योजना निर्देशक समिति रहनेछ । उक्त निर्देशक समिति नगर कार्यपालिकाको निर्णयवाट देहाय वमोजिम गठन हुनेछः

संयोजकः नगर प्रमुख

सदस्यः नगर उपप्रमुख

सदस्यः प्रमुख प्रशासकीय अधिकृत

सदस्यः पूर्वाधार शाखा प्रमुख

सदस्यः उद्यम विकास शाखा प्रमुख

सदस्यः शिक्षा तथा सामाजिक विकास शाखा प्रमुख

सदस्यः योजना शाखा प्रमुख

सदस्यः उद्यम विकास समिति अन्तर्गतको कर्मचारी

सदस्यः वडाध्यक्ष/कार्यपालिका सदस्य मध्येवाट १ महिला अनिवार्य हुने गरी २ जना नगर प्रमुखवाट मनोनित

सदस्य सचिवः रोजगार सेवा केन्द्र प्रमुख

## खण्ड १०. जोखिम व्यवस्थापन

यो स्थानीय रोजगार रणनीति कार्यन्वयनको लागि क्षमता, दक्षता तथा श्रोत साधन सम्वन्धी जोखिम सिर्जना हुन सक्छ । यस किसिमको जोखिम व्यवस्थापनको लागि स्थानीय रोजगार रणनीत कार्यान्वयन निर्देशक समितिले छलफल गरी पुनरावलोकन गर्नेछ ।

आज्ञाले,
महेन्द्र विश्वकर्मा
प्रमुख प्रशासकीय अधिकृत